# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड३८) काठमाडौं, चैत २९ गते २०४५साल (अतिरिक्ताङ्क ७०

## भाग ३

श्री ५ को सरकार

### गृह मन्त्रालयको सूचना

नेपाल नागरिकता (दोस्रो संशोधन) नियमावली, २०४५

नेपाल नागरिकता नियमावली, २०२५ लाई संशोधन गर्न वान्छनीय भएकोले, नेपाल नागरिकता ऐन, २०२० को दफा १६ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ:–

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यी नियमहरूको नाम "नेपाल नागरिकता (दोस्रो संशोधन) नियमावली, २०४५" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. नेपाल नागरिकता नियमावली, २०२५ को नियम ३ मा संशोधन: नेपाल नागरिकता नियमावली, २०२५ को नियम ३ को उप-नियम (१) मा रहेको "नगर पञ्चायतको" भन्ने शब्दहरूको सट्टा "नगर पञ्चायत वा गाउँ पञ्चायतको" भन्ने शब्दहरू राखिएका छन्।

आज्ञाले,
भक्तबहादुर कोइराला
श्री ५ को सरकारको का.मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
## राजदरबारको सूचना

श्री ५ महाराजाधिराजबाट संयुक्त राज्य अमेरिकाका लागि शाही नेपाली राजदूत डा. मोहनमान सैंजुलाई कोलम्बिया र कोष्टारिकाका लागि पनि शाही नेपाली राजदूत नियुक्त गरिबक्सेको छ ।

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

६३८



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।